Series &RQPS/S

SET-4

प्रश्न–पत्र कोड
Q.P. Code **24/S**

रोल नं.
Roll No.

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

**नोट**

(I) कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **11** पृष्ठहरू छन् ।

(II) कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **18** वटा प्रश्नहरू छन् कि छैनन् ।

(III) त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।

(IV) **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**

(V) यो प्रश्नपत्र पढ़नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन् ।

**NOTE**

(I) Please check that this question paper contains **11** printed pages.

(II) Please check that this question paper contains **18** questions.

(III) Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.

(IV) **Please write down the serial number of the question in the answer-book before attempting it.**

(V) 15 minute time has been allotted to read this question paper. The questionpaper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# नेपाली
# NEPALI

*निर्धारित समय : 3 घण्टे* — *अधिकतम अंक : 80*

*Time allowed : 3 hours* — *Maximum Marks : 80*

***General Instructions :***

*(i)* *Question paper is divided into **2** sections.*

*(ii)* *It has total **18** questions.*

*(iii)* ***Section A** : **2** questions no. **1** to **2**.*

*(iv)* ***Section B** : **16** questions no. **3** to **18**.*

*Attempt questions as per specific instructions.*

*Write question no. in answer book before attempting it.*

***सामान्य निर्देश :***

*(i)* *यो प्रश्नपत्र दुई भागमा बाँड़िएको छ।*

*(ii)* *यस प्रश्नपत्रमा जम्मा 18 वटा प्रश्नहरू छन्।*

*(iii)* *भाग 1 मा 2 वटा प्रश्नहरू छन्। जो प्रश्नसंख्या 1 देखि प्रश्नसंख्या 2 सम्म छन्।*

*(iv)* *भाग 2 मा 16 वटा प्रश्नहरू छन् जो प्रश्नसंख्या 3 देखि प्रश्नसंख्या 18 सम्म राखिएको छ।*

*विशेष निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख्नुहोस्।*

*उत्तर दिन अघि उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्नुहोस्।*

## भाग एक

## वस्तुपरक प्रश्नहरू

**1.** निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस्। *12×1=12*

(i) अलङ्कार काव्यको __________ हो।

(A) आभूषण (B) कथा

(C) कविता (D) साहित्य

(ii) अलङ्कार शब्दको व्युत्पत्ति __________ हुन्छ।

(A) अ + लङ्कार (B) अलम् + कृ + घञ्

(C) अलङ्कार + अ (D) न + लङ्कार

(iii) एउटै शब्द वा वाक्यमा दुई वा दुईभन्दा बढ्ता अर्थ लुकेको भए कुन अलङ्कार हुन्छ ?

(A) उपमा अलङ्कार

(B) अतिशयोक्ति अलङ्कार

(C) दुई अलङ्कार

(D) श्लेष अलङ्कार

(iv) अलङ्कार __________ प्रकारका हुन्छन् ।

(A) एक

(B) दुई

(C) तीन

(D) चार

(v) वार्णिक छन्दमा गण कतिवटा हुन्छन् ?

(A) चार

(B) तीन

(C) दुई

(D) आठ

(vi) उपमेय भनेको __________ वस्तु हो ।

(A) तुलनाको निम्ति ल्याइएको

(B) वर्णनीय

(C) साधारण धर्म

(D) सादृश्यवाचक

(vii) 'चन्द्रमाको जस्तै सुन्दर अनुहार ।' – यहाँ उपमा अलङ्कारका अङ्गहरूमध्ये __________ छन् ।

(A) उपमेय, उपमान, सादृश्यवाचक पद, साधारण धर्म

(B) उपमान र उपमेयमात्र

(C) उपमान, उपमेय, साधारण धर्ममात्र

(D) साधारण धर्ममात्र

(viii) यति, गति र लय मिलेको वर्ण र मात्राको निश्चित गणनाअनुसार रचना गरिने पद्यको नियामक तत्त्व __________ हो ।

(A) निबन्ध

(B) अलङ्कार

(C) छन्द

(D) भावना

(ix) 'म' – गणमा __________ गणचिह्न हुन्छन् ।

(A) ऽ।ऽ

(B) ।ऽ।

(C) ।।।

(D) ऽऽऽ

(x) कविता पाठ गर्दा अड़िने ठाउँमा अड़िएन भने __________ दोष हुन्छ ।

(A) शब्दभङ्ग

(B) यतिभङ्ग

(C) रीतिभङ्ग

(D) गणभङ्ग

(xi) तोटक छन्दको प्रत्येक चरणमा __________ हुन्छन्।

(A) चारवटा सगण

(B) चारवटा नगण

(C) चारवटा मगण

(D) चारवटा यगण

(xii) मगण र नगणको गणचिह्न क्रमश: __________ हुन्छ।

(A) ऽऽऽ, ।ऽऽ

(B) ऽऽऽ, ।ऽ।

(C) ।।।, ऽऽऽ

(D) ऽऽऽ, ।।।

**2.** निम्नलिखित काव्यांश पढ़ेर सोधिएका बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस्। *8×1=8*

तालका सुरमा कोही सिपालू नटको सरी।
पुष्प पल्लवको निस्क्यो हावामा नृत्यमाधुरी।।
झर्दछन् भेटनाबाट पुराना पुष्प बर्बरी।
स्वर्गीय पुण्यको भोग सकेका पुण्यवान् सरी।।
हावाको चालमा सारा पराग गगनैभरी।
फैलिँदो छ कविद्वारा वीरको वीरतासरी।।
परागै हो कि ? त्यो माथि तुवाँलाको स्वरूपमा।
घाम केही फिका पारी चढ़ेको अन्तरीक्षमा।।
तुवाँलाबाट निस्केका सूर्यका कान्ति माधुरी।
झल्कन्छ वनमा मानू सुनको तपकैसरी।।

वसन्तले बुनी आफैँ मिही पल्लव चादर।
माथमा वनदेवीको चढ़ायो कि मनोहर ?।।
प्रत्येक वृक्षमा निस्क्यो पुष्पपल्लव माधुरी।
संसारी जीवको रागी वासना झैँ थरीथरी।।
अशोक, महुवा, पैञ्यू, जम्बू, बकुल, चम्पक।
पलाशाऽऽदि सबै वृक्ष पुष्पले छन् झकाझक।।
कुनै राता, कुनै सेता, पहैँला भावका कुनै।
कुनै सुनौला देखिन्छन्, आस्मानी रङ्गका कुनै।।
सिन्दुरे वन लक्ष्मीका स्यूँदाको सिन्दुरैसरी।
देखिन्छ माझमा राम्रो तलके तिलकैसरी।।
बड़ो विशाल गम्भीर नील आकाश झैँ वन।
झल्कन्छन् फूलका गुच्छा तारकातुल्य शोभन।।
वनका बीचमा यौटा सिक्रो वृक्ष शरीर यो।
बल विद्या गुमायेको भारतैतुल्य देखियो।।
लताजञ्जालले ज्यादा जकड़ेका कुनै रुख।
पापका बोझले ग्रस्त पापी झैँ छन् अधोमुख।।
लर्काई सुनगाभाको पुष्पहार कुनै रुख।
विलासी झैँ डटेका छन् देखाई हँसिलो मुख।।
साना ऐसेलुका दाना टिपदा ती टपाटप।
ग्रामीण नारी सम्झन्छन् कानमा सुनका टप।।
निस्के नयाँ-नयाँ लाखौँ वृक्षमा मञ्जु-मञ्जरी।
रसिला प्रतिभाशाली कविका कवितासरी।।

(i) उक्त काव्यांश कहाँबाट निकालिएको हो ?

(A) मुनामदन खण्डकाव्यबाट

(B) जुनेली रेखा उपन्यासबाट

(C) ऋतुविचार खण्डकाव्यबाट

(D) रूपको मूल्य कथाबाट

(ii) भेट्नाबाट बर्बरी झर्दै गरेका पुष्प कस्ता देखिन्छन् ?

(A) स्वर्गीय पुण्यका भोग सकेका पुण्यवान् जस्तै देखिन्छन्

(B) हावामा मधुर नृत्य गर्दै गरेको जस्तै देखिन्छन्

(C) रंगीविरंगी देखिन्छन्

(D) चहकिला देखिन्छन्

(iii) अशोक, महुवा, पैञ्यु, जम्बू, बकुल, चम्पक, पलाश आदि वृक्षमा कविले के देखिन्छ भनेका छन् ?

(A) हावा लागेको

(B) पातहरू

(C) चराहरू

(D) पुष्पहरू

(iv) वनका बीचमा एउटा सिक्रो रूख कस्तो देखिएको छ ?

(A) लताजञ्जालले जकेड़ेको

(B) बल विद्या गमाएको भारत जस्तै

(C) स्युँदाको सिन्दुर जस्तै

(D) तारकातुल्य शोभन जस्तै

(v) वृक्षहरू कतिबेला पापी झैँ अधोमुख लगाएका जस्ता देखिन्छन् ?

(A) सबै पातहरू झरेका बेला

(B) सुकेर सिक्रो भएका बेला

(C) फूलैफूलले ढाकिएको बेला

(D) लताजञ्जालले ज्यादा जकेड़ेको बेला

(vi) 'सुनगाभा' भनेको के हो ?

(A) सुनको गाभा

(B) सुन र गाभा

(C) पुष्प

(D) गाभा भएको सुन

(vii) लाखौँ वृक्षमा मञ्जु-मञ्जरी कसरी निस्किएका छन् ?

(A) ग्रामीण नारीसरी

(B) प्रतिभाशाली कविका कवितासरी

(C) विलासी कथाकारसरी

(D) पुष्पहारसरी

(viii) उक्त काव्यांशका रचनाकार को हुन् ?

(A) लेखनाथ पौड्याल

(B) भानुभक्त आचार्य

(C) बालकृष्ण सम

(D) सानु लामा

## भाग – दुई
## वर्णनात्मक प्रश्नहरू

**3.** निम्नलिखित प्रश्नका संक्षेपमा उत्तर लेख्नुहोस्। *5×2=10*

(i) जुनेली रेखा उपन्यासका रचनाकार को हुन् ?

(ii) हट्टाबाहर भन्नाले के बुझिन्छ ?

(iii) धनेको मृत्यु के भएर भएको थियो ?

(iv) जुनेली रेखा उपन्यासमा कुन-कुन दुईवटा कमानको नाम छ ?

(v) बड़ासाहेबसँग विन्ति बिसाउन जसेसँग अरू को-को गएका थिए ?

**4.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) लेखनाथ पौड़्यालको जन्म कहिले भएको थियो ?

(ii) बालकृष्ण समका माता र पिताको नाम के थियो ?

(iii) पारिजातका कुनै दुई कृतिको नाम लेख्नुहोस् ?

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

**5.** उज्यालीले कहिले पनि नानी नहुने औषधि सेवन किन गरेकी थिई ? *2*

**6.** रानुकी आमाले बोलाएको दिन विमलनाथ आफ्नो घर आइपुग्दा रानूले विमललाई कस्तो देखेकी थिई ? *2*

**7.** यात्रीको कुन वाक्यले सानी शिथिल र क्लान्त हुन गई ? *2*

**8.** रानुले स्वार्थ र परार्थलाई कसरी स्पष्ट बनाएकी छे ? *3*

**9.** (a) यात्री घरमा आएर बसेपछि सुत्न लागेकी सानीले राती के-के गरी ? *3*

**अथवा (OR)**

(b) उज्यालीले किन आफै पत्र नलेखेर 'म' पात्रलाई पत्र लेख्न लगाई ? उसले पत्रमा के-के कुरा समेट्न लगाएकी थिई ?

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

**10.** देवकोटाले आफ्ना दाज्यूलाई किन आदर्श ठान्थे ? *2*

**11.** हाइ-हाइ अङ्ग्रेजी निबन्धले के भन्न खोजेको छ ? *2*

**12.** निबन्धकार विष्णुराम राईले सयपत्री फूललाई के-केसँग तुलना गरेका छन् ? *4*

निम्नलिखित प्रश्नहरूका संक्षेपमा उत्तर लेख्नुहोस्।

**13.** नाटकको सफलता र असफलताको बारेमा एरिष्टोटलको भनाइ के रहेको छ ? *2*

**14.** नाटक भन्नाले के बुझिन्छ ? *3*

**15.** बन्दिनीको चरित्र चित्रण गर्नुहोस्। *3*

**16.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) भाषा भनेको के हो ?

(ii) संसारमा रहेका जातिहरू माझ कुनै भाषा सजिले बुझ्ने र कुनै नबुझ्ने कारणहरू के हुन् ?

(iii) उपन्यास र कथामा के फरक छ ?

**17.** तल दिइएको **कुनै एक** विषयमा लगभग 150 शब्दभित्रको निबन्ध लेख्नुहोस्। *5*

- वशुधैव कुटुम्बकम्।
- सञ्जालको सदुपयोग।
- नेपाली भाषा र यसको महत्त्व।

**18.** (a) शिक्षाको महत्त्व जनाउँदै आफ्नो बहिनीलाई एउटा पत्र लेख्नुहोस्। *5*

**अथवा (OR)**

(b) भल-पहिरोको कारणले आफ्नो गाउँमा जाने बाटो अवरूद्ध भएको जानकारी गराउँदै बाटो खोलिदिने आग्रहका साथ सड़क विभागलाई एउटा निवेदन पत्र लेख्नुहोस्।